-स्वच्छ, सुन्दर र समुन्नत शहर सर्लाहीको शान लालवन्दी नगर-

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५४०११००
०४६५४०१३३३
०४६५४०१४४४
Email:info@lalbandimun.gov.np
maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

प.सं.: २०८१/०८२
च.नं.: १२९

मिति :- २०८१/०४/१७
११४४ दिल्लागा, १२ विहिवार

श्री सूचना अधिकारीज्यू लालबन्दी नगरपालिका।
श्री सवै शाखा प्रमुखज्यू लालबन्दी नगरपालिका।
श्री वडा कार्यालयहरु सबै लालबन्दी नगरपालिका।
श्री नगर अस्पताल लालबन्दी सर्लाही।
श्री स्वास्थ्य चौकी सवै लालबन्दी नगरपालिका।
श्री आधारभुत स्वास्थ्य केन्द्र सवै लालबन्दी नगरपालिका ।
श्री सामुदायिक विद्यालय सवै लालबन्दी नगरपालिका ।

**विषय :- आदेश कार्यान्वयन सम्वन्धमा ।**

उपर्युक्त विषयमा राष्ट्रिय सूचना आयोग काठमाण्डौको प.स २०८०/०८१ च.नं. ६७० मिति २०८१।०२।११ गतेको पत्र साथ प्राप्त सम्मानित आयोगवाट मिति २०८१।०२।०९ मा भएको आदेश पाना-२ यसै साथ संलग्न छ । व्यहोरा सोहिवाट अवगत गर्नु भै उक्त आदेश कार्यान्वयन गर्न गराउनुहुन अनुरोध छ ।

.............................
वसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ :-**
श्री नगर प्रमुखज्यू लालबन्दी नगरपालिका ।
श्री उप प्रमुखज्यू लालबन्दी नगरपालिका ।

**वोधार्थः-**
श्री राष्ट्रिय सूचना आयोग काठमाण्डौ : जानकारीको लागि अनुरोध छ ।
श्री सूचना प्रविधि शाखा लालबन्दी नगरपालिका:वेवसाइट मा समेत अपलोड गरि दिनुहुन।

# राष्ट्रिय सूचना आयोग

प. सं. ०८०/८१

च. नं. ६६०

☎ ०१-४५९३९८४
०१-४५९६५४४

मिति २०८१।०२।१९

श्री प्रमुख प्रशासकीय अधिकृत
लालबन्दी नगरपालिका, सर्लाही

लालबन्दी नगरपालिका
दर्ता : २३१
मिति :

**विषय :- आदेश कार्यान्वयन सम्बन्धमा ।**

यस आयोगबाट मिति २०८१।०२।०९ मा भएको आदेश यसै साथ संलग्न छ । उक्त आदेश कार्यान्वयन गरी यस आयोगलाई जानकारी गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु ।

(शर्मिला महर्जन)
शाखा अधिकृत

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरूङ्ग**
**सूचना आयुक्त कमला ओली थापा**
**सूचना आयुक्त रत्नप्रसाद मैनाली**

**बैठक नं. २९४(३)५४**

**मिति २०८१।०२।०९**

**बाट भएको**

**आदेश**

श्री प्रमुख प्रशासकीय अधिकृत,
लालबन्दी नगरपालिका, सर्लाही ।

**विषय : सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ (ङ) बमोजिम जारी भएको आदेश ।**

नेपालको संविधानको धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित हुनेछ भनी उल्लेख भएको छ । नेपालको संविधान र प्रचलित कानूनहरुको अधिनमा रही सार्वजनिक निकायहरुले सर्वसाधारण नागरिकका हितमा विभिन्न कार्यहरु सम्पादन गर्ने गर्दछन् । साथै सार्वजनिक निकायहरुबाट प्रदान हुने सेवा वा वस्तु प्राप्त गर्न सर्वसाधारण नागरिकले सार्वजनिक निकायहरुमा आवेदन गर्ने व्यवस्था रहेको छ । सर्वसाधारण नागरिकले सार्वजनिक निकायमा आवेदन गर्दा आफै उपस्थित भएर, हुलाकमार्फत, फ्याक्स, इमेल तथा प्रचलित अन्य माध्यमहरुको प्रयोग गर्ने गरेका छन् । सूचना प्रविधिको विकास सँगसँगै सार्वजनिक निकायहरुले आफ्नो कृयाकलापलाई सहज र सरल बनाउन सूचना प्रविधिको प्रयोग बढाउँदै लगेका छन् । सूचना प्रविधिमा ठूलो लगानी पनि भैरहेको छ । परम्परागत रुपमा आवेदन पेश गर्दा सबै सार्वजनिक निकायले आवेदन दर्ता गरी दर्ता नम्बर दिने प्रचलन र कानूनी व्यवस्था रहेको छ । सूचना प्रविधिको प्रयोग बढ्दै जाँदा सार्वजनिक निकायले मात्र नभै सर्वसाधारण नागरिकले पनि अनलाईन सेवा वा इमेल मार्फत आवेदन दिने प्रचलन बढ्दै गरेको छ । यसरी सूचना प्रविधिको प्रयोगसँगै इमेल मार्फत वा अनलाइन कारोवार गर्दा सार्वजनिक निकायले सर्वसाधारणको आवेदन दर्ता भएको र आवेदन उपर भएको कारबाही बारेमा इमेल वा अनलाईन वा अन्य माध्यम मार्फत नै जानकारी दिने विषयलाई त्यति प्रभावकारी बनाउन सकिएको अवस्था देखिँदैन । नेपाल सरकार वा सार्वजनिक निकायहरुले कार्य सम्पादन गर्ने कार्य सञ्चालन कार्यविधि परिमार्जन गरी यस्तो व्यवस्था गर्न आवश्यक भैसकेको छ । कतिपय सार्वजनिक निकायले प्रचलनमा ल्याएका सूचना प्रविधि प्रणालीले त्यस्तो कार्य सम्पादन गरेका पनि छन् । जस्तै पासपोर्ट आवेदन, राष्ट्रिय परिचय पत्र आवेदन, ड्राइभिङ्ग लाइसेन्स आवेदन जस्ता विषयहरुमा एसएमएस (SMS), इमेलबाट जानकारी दिने व्यवस्था प्रभावकारी रुपमा सम्पादन भैरहेको अवस्था छ ।

यस अवस्थामा आवेदकले यस आयोगमा पेश गरेको निवेदनमा उल्लेखित विषयहरु सान्दर्भिक र उपयुक्त देखिन्छ । सर्वसाधारण नागरिक प्रति जिम्मेवार हुनु पर्ने सार्वजनिक निकायले आफ्नो प्रणाली स्थापना गर्दा वा बनाउँदा सर्वसाधारणलाई सूचित, सरल र सहज बनाउन प्रयास गर्नु पर्ने हुन्छ । यो विषय सार्वजनिक निकायको दायित्व भित्र नै पर्ने विषय हो । आवेदन चाहे इमेलबाट प्राप्त होस वा हुलाकबाट प्राप्त होस वा
ई.

अन्य कुनै माध्यमबाट प्राप्त होस त्यसको अभिलेख राखी दर्ता नम्बर उपलब्ध गराउनु पर्ने दायित्व स्वाभाविक रुपमा सार्वजनिक निकायले पूरा गर्न आवश्यक र जरुरी रहेको छ ।

उल्लेखित विषयको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम देहायको कार्य गर्न गराउन संघीय सार्वजनिक निकायका हकमा नेपाल सरकारका मुख्य सचिव मार्फत, प्रदेशका सार्वजनिक निकायका हकमा प्रदेश सरकारका प्रमुख सचिव मार्फत र स्थानीय तहका सार्वजनिक निकायका हकमा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत मार्फत आदेश गर्ने ।

१. सर्वसाधारण नागरिकले सूचना माग सम्बन्धी निवेदन आफै, वारिस मार्फत, हुलाक मार्फत, इमेल मार्फत वा अन्य उपलब्ध जुनसुकै माध्यमबाट पेश गरेता पनि त्यस्तो निवेदन दर्ता गरी दर्ता नम्बर आवेदकलाई उपलब्ध गराउने अनिवार्य व्यवस्था गर्नू ।

२. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्य सार्वजनिक निकायले पनि कार्य सञ्चालन सम्बन्धी कार्यविधि, नियम, निर्देशिका र कानून निर्माण गर्दा प्रविधिका कारण विकसित भएका माध्यम वा प्रणालीलाई पनि समावेश गरी सूचना माग सम्बन्धी निवेदन दर्ता गर्ने गराउने व्यवस्था गर्नु गराउनू।

३. सार्वजनिक निकायहरु विस्तारै सूचना प्रविधिको माध्यमबाट स्वचालित प्रणालीमा गइरहेको अवस्थामा सूचना मागसम्बन्धी निवेदन जुनसुकै माध्यमबाट प्राप्त भएता पनि त्यस्तो स्वचालित प्रणालीमा दर्ता हुने र स्वतः दर्ता नम्बर सृजना र निवेदकलाई उपलब्ध गराउने प्रणाली राख्ने व्यवस्था गर्नु गराउनू ।

४. सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सार्वजनिक निकायहरुमा इमेलको प्रयोग अनिवार्य भएको र सुशासनको हिसाबबाट पनि इमेलको माध्यमबाट निवेदन लिने व्यवस्था गर्नु वान्छनीय ठहर्छ। यसका लागि प्रत्येक सार्वजनिक निकायले सर्वसाधारण नागरिकले सूचना माग गर्दा प्रयोग गर्ने इमेल अनिवार्य रुपमा आफ्नो वेबसाइटमा राख्न लगाउनु, यस आयोगको कार्यविधि तथा पूर्व आदेशमा उल्लेख भए बमोजिम suchanaadhikari@......gov.np प्रयोग गर्न प्रोत्साहन गर्नु गराउनू ।

५. सूचना माग गर्ने सर्वसाधारण नागरिकलाई सूचना उपलब्ध गराउँदा सम्भव भएसम्म इमेल, हुलाक वा अन्य सहज माध्यमका प्रयोग गरी सूचना उपलब्ध गर्न गराउन लगाउनू ।

| | | |
|---|---|---|
| (रत्नप्रसाद मैनाली) | (कमला ओली थापा) | (महेन्द्र मान गुरूङ्ग) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०८१ साल जेठ ९ गते रोज ४ शुभम्